गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुँजा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३
चलानी नं.

# सेवा करार सम्बन्धी सूचना !!!

सूचना नं. : १४/२०८२/०८३
सूचना प्रकाशित मिति : २०८२/०६/२६

गौमुखी गाउँपालिकाको लागि तपसिल बमोजिमको पदमा देहायको संख्यामा र योग्यता पुगेको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

| क्र.सं. | विज्ञापन नम्बर | पद | माग पद विवरण | | परिक्षा दस्तुर | काम गर्नुपर्ने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | तह | माग संख्या | | | |
| १ | २/२०८२/०८३ | कृषि स्नातक (अधिकृत) | छैठौं | १ | १०००/- | गौमुखी गाउँपालिका,प्यूठान। | |

१. न्यूनतम शैक्षिक योग्यता

(क) मान्यता प्राप्त विश्व विद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

२. सेवाः करार।

३. उमेर : २१ बर्ष उमेर पुरा गरी पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

४. फाराम बुझाउने अन्तिम म्याद : सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

५. परिक्षाको किसिम : लिखित र अन्तर्वार्ता ।

६. परिक्षा / अर्न्तवार्ता मिति : पछि सूचना प्रकाशन गरिने छ ।

७. सेवा सुविधा : स्थानिय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम।

८. पाठ्यक्रम : संघीय लोकसेवा आयोगको नेपाल कृषि सेवा, कृषि प्रसार अधिकृतको प्रथम पत्र अनुसार हुने छ ।

९. आवेदन फाराम संग पेश गर्नुपर्ने कागजातहरु :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत


gaumukhirm2073@gmail.com
web: www.gaumukhimun.gov.np
9857836319

(ख) न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क-पत्रको प्रतिलिपी ।

(ग) चारित्रिक प्रमाण-पत्रको प्रतिलिपी ।

घ) समकक्षता आवश्यक पर्ने भए सो को प्रमाण-पत्रको प्रतिलिपी ।

ङ) परिक्षा दस्तुर तिरेको रसिद ।

च) आवेदन फाराम यस कार्यालयको कृषि विकास शाखा वा गौमुखी गाउँपालिकाको वेबसाईट www.gaumukhimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

छ) आवेदन फाराम बुझाउने स्थान : गौमखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा, गौमुखी, प्युठान ।

(ज) थप जानकारीको लागी गौमुखी गाउँपालिकामा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

२०८२/०८/२६

तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुल्सीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत